# मिक्लाजुङ गाउँपालिका पाँचथरको

# नीति तथा कार्यक्रम २०७७/०७८

मिक्लाजुङ गाउँ पालिकाको नीति तथा कार्यक्रम आ.व.२०७६/०७७

## नीति तथा कार्यक्रम (आ.व.०७७/०७८)

# नीति तथा कार्यक्रम (आ.व.०७७/०७८)

**आदरणीय सभाध्यक्ष महोदय,**

नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकतालाई आत्मसात गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको माध्यमबाट दीगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न नेपालको संविधान २०७२ र स्थानिय सरकार संचालन ऐन २०७४ को अधिकार प्रयोग गरी यस गाउँ सभामा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त खुसी महसुस गरेको छु ।

हाम्रो विकासका चाहनाहरुलाई मूर्त रुप दिन यस गाउँपालिकाले विश्वव्यापी रुपमा स्वीकार गरिएको दिगो विकासका लक्ष्यहरु हासिल गर्ने तर्फ उन्मुख हुदै आगामी आ.व. को लागि राष्टिय विकास लक्ष्य र प्राथमिकताहरुलाई आत्मसाथ गर्ने छ। यसप्रकार आगामी आर्थिक वर्षका लागि स्वास्थ्य, शिक्षा, कृषि विकास, खानेपानी, सडक पूर्वाधार, विद्युत, सिंचाई, लक्षित क्षेत्र विकास, सुशासन तथा संस्थागत सुदृढिकरण जस्ता क्षेत्रगत प्राथमिकताहरु रहने तथ्य उल्लेख गरेको छु ।

आगामी आर्थिक वर्षको क्षेत्रगत नीति तथा कार्यक्रमहरु निम्नानुसार रहेको तथ्यलाई विस्तारमा प्रस्तुत गर्न चाहान्छु :

## १. आर्थिक विकासमा

### *क. कृषि तथा पशु विकास*

- विश्व नै कोरोना भाइरस (कोविट १९) बाट प्रभावित भइ अर्थतन्त्रमा ह्रास आउने साथै खाद्यन्न आपूर्तिमा सकस भइ राहत प्याकेज समेत आयात गराउनु बाध्य भएकाले मिक्लाजुङ गाउँपालिकाले उत्पादन र उत्पादकत्व बढाउन विशेष ध्यान पुर्‍याउने तर्फ उन्मुख हुनेछ ।
- कृषि उत्पादनमा वृद्धि गराइ खाद्यन्न आपूर्तिमा आत्मनिरभर गराउन व्यवसायिक नगदेवालीलाई प्रवर्द्धन गर्न एक समुह एक उत्पादन गराइ एक वस्तु पकेट अर्थात एक जोनको अवधारण ल्याउन कृषक समूह प्रोत्साहन कार्यक्रम अघि बढाउने । जसमा धान, मकै, कोदो , गहूँ, तोरी, फाफर, आलु ,लसुन, प्याज, अदुवा, खुर्सानी, टमाटर जस्ता दैनिक खानामा प्रयोग हुने अर्गानिक वस्तु उत्पादन गरि आर्थिक स्वबलम्वि बनाउने ।
- गाउँपालिका भित्र घुम्ति कृषक पाठशाला को स्थापना गरी अगुवा कृषक तयार पारिने छ ।
- स्थानीय विउविजन जोगाउन कृषि सहकारी संस्था मार्फत विऊ विजन बैंक स्थापना गरिनेछ ।
- कृषि वाली संगै तेलहन वालीको रुपमा सूर्यमुखी फूलको खेतीलाई पनि प्रोत्साहन तथा उत्पादनमा बढवा दिने ।
- जनशक्ति व्यवस्थापन गरि एक वडा एक कृषि प्राविधिक बाह्रै महिना पुर्‍याउने तथा आवश्यकता अनुसार पशु प्राविधिकको पनि व्यवस्था गर्ने ।
- माटो परीक्षण ,सम्भाव्यता अध्ययन कार्यक्रम तथा पशु पालनका लागि आवश्यक तापक्रम मापन गरी सो वारे कृषकलाइ जानकारी गर्ने गराउने ।
- फलफुल वगैंचा सुदृढीकरण तथा नर्सरी स्थापना साथै विरुवा वितरण कार्यक्रम निरन्तर गर्ने ।
- दिगो आय आर्जन तथा रोजगारी सृजना गर्न नमुना कृषि केन्द्रको स्थापना गर्न प्रदेश सरकार र संघीय सरकार संग सहकार्य गर्न जग्गा खरिद गर्न विशेष वजेटको व्यवस्थापन गर्ने ।
- कृषक अध्ययन तथा अवलोकन भ्रमणको व्यवस्था गर्ने ।
- दीर्घकालीन विषादीमुक्त कृषि उत्पादन वृद्धि गर्ने र प्रांगारिक किटनाशक विषादी उत्पादन गर्नेतर्फ किसानहरुको बीचमा विशेष अभियानका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- वर्षको एक पटक कृषि प्रदर्शनी मेलाको आयोजना गरि पुरस्कृत गर्ने ।

मिक्लाजुङ गाउँपालिकाको नीति तथा कार्यक्रम आ.व. २०७७/०७८

- फलफुल तथा नगदेवालीलाई प्राथमिकता दिइ आत्मनिर्भर बनाउन उन्नत एवं प्रशोधित वीउ तथा वोटविरुवा वितरण गर्ने ।
- कृषि वाली विविधिकरण र यान्त्रिकीकरणद्वारा कृषि विकास गर्न उपकरण अनुदान कार्यक्रम अघि बढाउने ।
- कृषि उपज संकलन तथा चिस्यान केन्द्र संख्या बढाउने र बाहिरी बजारसंग पहुँच बढाउने ।
- बेमौसमी तरकारी खेती बिस्तार कार्यक्रमका लागि प्लाष्टिक टनेलमा छुट अनुदान निरन्तर गर्ने ।
- उत्कृष्ट कृषकहरुलाई प्रोत्साहन गर्न उत्कृष्ट कृषक पुरस्कारको व्यवस्थालाइ निरन्तर गरिने ।
- वाली विमा, पशु वीमा कार्यक्रम तर्फ उन्मुख गराउने ।
- उत्पादित वस्तु निर्यात योग्य वनाउन उत्पादनमा कृषक उत्साहित कार्यक्रम गर्ने ।
- जडिवुटि हुने खेती पहिचान गरि प्रशोधन केन्द्र स्थापना गर्ने ।
- च्याउ खेतीलाई विस्तर साथै तालिम सन्चालन गरि माग आपूर्ति गर्ने ।
- युवा लक्षित सामुहिक कृषि खेती तथा पशुपालनलाई विशेष अनुदान कार्यक्रमको व्यवस्था गर्ने ।
- यि माथिका कार्यक्रमहरु सफल पार्न आवश्यक भएको ठाउँमा क्रमस सिँचाइको प्रवन्ध मिलाउदै लाने ।
- मिक्लाजुङलाई खसि र वंगुर उत्पादन पालिका बनाउन फर्म संचालन व्यवसायिहरुलाई विशेष व्यवस्था गरि खसि बाखा र वंगुर उत्पादन गर्न उन्नत जातका बोका तथा पाठा खरिद गर्न निश्चित अनुदान सहयोग गर्ने र त्यस फर्ममा उत्पादित उन्नत पाठापाठी लाई खरिद विक्रि स्थानीय कृषकलाई गर्न गराउन सहयोग पुर्‍याउने ।
- निशुल्क वितरण गर्दै आएको औषधी निश्चित छुट अनुदानमा वितरण प्रकृया शुरु गर्ने ।
- घुम्ति शिविर साथै कृत्रिम गर्भधारण कार्यक्रम प्रभावकारी गर्दै लाने ।
- पशु विकास तथा व्यवस्थापनमा वृद्धि गर्न दुग्ध प्रशोधन तथा पशु फार्म प्रबर्द्धनमा निश्चित प्रतिशत छुटमा औजार उपकरण अनुदान कार्यक्रम गर्ने ।
- पशु आहारा व्यवस्थापन तथा दाना बनाउन सीप साथै क्षमता अभिवृद्धि तालिम संचालन कार्यक्रम गर्ने ।
- पशुमा लाग्ने मौसमी रोग निवारण तथा निशुल्क औषधी र भ्याक्सिनेसन कार्यक्रम निरन्तर गर्ने ।
- भू-वनावट र हावापानी अनुसार वंगुरपालन तथा पाठापाठी उत्पादनलाई प्रोत्साहन गर्न कृषकसहयोग कार्यक्रम गर्ने ।
- आर्थिक आय आर्जनका लागि छिटो र सुलभ तरिकाबाट अण्डा उत्पादन गर्न कुखुरापालक किसानलाई विशेष व्यवस्था गर्ने ।
- स्वस्थ मासु विक्री वितरण गर्ने मासु पसल सञ्चालन गर्नका लागि मापदण्डको आधारमा अनुदान उपलब्ध गाराइ नियमित अनुगमन तथा मूल्याकंन गर्ने ।

***ख. उद्योग तथा वाणिज्यतर्फ***

- रेलु तथा साना उद्योग विस्तार योजनामा जोड गरिनेछ । स्थानीय सीप, श्रोत र साधनलाई प्रयोग गरी खाडी, अल्लो, ढाका जस्ता उत्पादन गर्ने लक्षित वर्गलाई सिप विकाशका लागि तालिमको व्यवस्था मिलाउदै व्यवसायीकरण गरिनेछ ।
- ब्यवसायिक क्षेत्रमा लाग्न चाहने यूवाहरुलाई स्थानीय तहमा दर्ता भएका बेरोजगार व्यक्तिलाई दक्ष तथा सक्षम जनशक्तिको विकास गरि आन्तरिक रोजगारि सिर्जना गर्न सरोकारवाला निकाय संग सहकार्य गरि बेरोगार व्यक्तिहरुलाई आधारभूत तालिम, यन्त्र उपकरण सहयोग व्यवस्था मिलाइनेछ ।

मिक्लाजुङ गाउँपालिकाको नीति तथा कार्यक्रम आ.व. २०७६/०७७

- Covid-19 को कारण वैदेशीक रोजगारीमा फर्किन नपाएका तथा विदेशसाट फर्किन वाध्य भएका यूवाहरुलाई  प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार व्यवस्थापन सुचना प्रणलीमा  सूचिकृत गरी विशेष प्राथमिकता साथ रोजागरी प्रदान गरिने छ र रोजगारी गुमाएका युवालाई उद्यमशलिता विकास गराउन सहयोग गरिने छ ।
- न्यूनतम रोजगारिको प्रत्याभुत गराउनका लागि **युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना** तथा **कामको लागि पारिश्रमिकमा आधारित समुदायिक आयोजना** संचालन गरि श्रममुलक आयोजना मार्फत समुदायको विकास संगै सामाजिक संरक्षण गराइने छ ।
- युवा तथा शैक्षिक वेरोजगारलाई प्राथमिकतामा राखि स्वरोजगारमुलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिने छ ।
- श्रम सम्बन्धलाई प्राथमिकता दिदै सार्वजानिक पूर्वाधार निर्माण , कृषि, व्यवसायिक उद्योग, वित्तिय क्षेत्रबाट रोजगारी सिर्जना गरिने छ ।
- रोजगार सेवा केन्द्र संचालन तथा व्यवस्थापकीय पक्षलाई थप प्रभावकारी बनाइनेछ ।
- मिक्लाजुङको प्रचुर मात्रामा रहेको सम्भाव्यता उत्पादनलाई व्यावसायिकरण गर्न आगामी आर्थिक वर्षबाट औद्योगिक ग्रामहरु स्थापनाको कार्य प्रारम्भ गरिनेछ ।
- उद्यमशिलता  विकास, पूँजी पहिचान र आविष्कारलाई व्यवसायिक रुप लिन निजी क्षेत्रसँग सहकार्य गरी नव प्रवर्तन केन्द्र स्थापना गरिनेछ ।
- औद्योगिक लागानीलाई प्रोत्साहन गरिने साथै लगानी सुरक्षाको व्यवस्था मिलाउदै लगिने छ । श्रमिक आपूर्तिको लागि प्रोत्साहन गरि औद्योगिकीकरण गरिनेछ । सरकारी तथा गैरसरकारी निकायहरुबाट प्रदान गरिने सेवाहरुलाई एकिकृत नीतिबाट सेवा उपलब्ध गराईनेछ ।
- उपभोग्य सामग्रीको आपूर्तिमा सहयोग पुर्‍याउने ।
- वजार अनुगमन तथा नियमनमा प्रभावकारी भूमिका निर्वाह गर्ने ।

## २. सामाजिक विकास तर्फ

### *क. शिक्षातर्फ*

- कोरोना कै कारण लामो समय सम्म विद्यालयहरु वन्द रहकाले एसइइ लगायत अन्य परीक्ष दिन नपाएका र पढ्न नपाए विद्यार्थीहरुका लागि आवश्यक व्यवस्था मिलाउन संघ र प्रदेश सामाजिक विकास मन्त्रालयसंग समन्वय गरि स्थानीय तहबाट शिक्षा शाखा लगायत विद्यालयहरुलाई विशेष पहल गर्ने ।
- हरेक वडाका १/१ वटा माध्यमिक विद्यालयहरुलाई श्रोत सम्पन्न नमुना विद्यालयको रुपमा विकास गरिनेछ । त्यस्तो विद्यालयको आधारभुत तहसम्म अंग्रेजी माध्यममा पठनपाठनको शुरुवात गरिनेछ । त्यस्तो विद्यालयको शैक्षिक गुणस्तर बृद्धिका लागि शहरबजारका प्रतिष्ठित निजी विद्यालयहरुसँग सहकार्य शुरुवात गरिनेछ ।
- वालविकास केन्द्रहरुको प्रवर्द्धनका लागि वाल सन्दर्भ शैक्षिक सामाग्री तथा वालमैत्री कार्यालय व्यवस्थापनलाई निरन्तर गरिने ।
- हरेक वडाको एउटा माध्यामिक विद्यालयमा इन्टरनेट सुविधा उपलब्ध गराई १/१ वटा Distance Learning Center तथा श्रब्यदृष्य कक्षहरु को स्थापना गरिनेछ ।
- गाउँपालिकामा एउटा १२ कक्षासम्म विज्ञान विषय पठनपाठन हुने उच्च माध्यमिक विद्यालय स्थापनाका लागि आवश्यक तयारी अघि बढाइनेछ ।
- दुई वर्षभित्रका विद्यालय जाने उमेरका सवै बालवालिकाको विद्यालयमा भर्ना सुनिश्चित गर्ने गराउने ।

मिक्लाजुङ गाउँपालिकाको नीति तथा कार्यक्रम आ.व. २०७८/०७९

- विद्यालयहरुको बिषयगत नतिजा सुधार गर्न शिक्षकहरुलाई Subject Teaching methods Training को व्यबस्था मिलाइनेछ ।
- आफ्नो बिषयमा राम्रो रिजल्ट ल्याउने विषयगत शिक्षकहरुलाई पुरस्कारका साथै निश्चित प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।
- प्राबिधिक शिक्षा अध्ययन गर्न चाहने बिद्यार्थीहरुलाई आंशिक छात्रबृत्ति उपलब्ध गारइनेछ । यसका लागि शैक्षिक बिकास कोष स्थापना गरिनेछ ।
- दुईवर्ष भित्र आवासीय विद्यालय संचालन तथा व्यवस्थापन गर्ने ।
- पालिकालाई वालमैत्री स्थानीय शासन गाँउपालिका घोषणा गर्न आवश्यक व्यवस्था गरिनेछ ।शिक्षा क्षेत्रको भौतिक पूर्वाधार निर्माण अर्न्तगत आवश्यकताका आधारमा स्थानीय तह , प्रदेश र संघसँग सहकार्य गरि निर्माण योजना अघि वढाउने ।
- जीवनो उपयोगी सिपमूलक शिक्षा र प्रविधियुक्त शिक्षामा जोड दिइ दक्ष जनशक्तिको विकासमा जोड दिने ।
- शैक्षिक क्षेत्रलाई राजनैतिक हस्तक्षेप मुक्त साथैं शान्ति क्षेत्र वनाइनेछ । विद्यायल शिक्षाको विषयगत गुणस्तरको मापदण्ड तयार गरि त्यसका आधारमा शिक्षकहरुलाई प्रोत्साहन र दण्डको व्यवस्था गर्ने ।
- समग्र शैक्षिक उपलब्धिका सूचकहरुको आधारमा पालिका भित्रका विद्यालयहरुलाई उत्कृष्ट विद्यालय पुरस्कारको व्यवस्था गर्दै लाने ।
- १–८ देखि १२ कक्षा सम्म संचालित विद्यालयहरुमा विज्ञान प्रयोगशाला अनिवार्य गर्न वजेट तय गर्ने ।
- मा.वि स्तरीय प्राविधिक प्रतियोगिता संचालन गरि उत्कृष्ट हुने छात्र छात्रालाई एक बर्षको छात्रवृत्ती प्रदान गर्ने साथै प्रतियोगितामा सहभागीहरुलाई दक्ष प्राविधिकहरुका तर्फबाट तालिमको व्यवस्था गरिनेछ ।
- विज्ञान प्रदर्शनि गर्नको लागि गाउँपालिका स्तरमा कुनै एक विद्यालयको छनौट गरि आर्थिक, भौतिक तथा व्यवस्थापकीय सहयोग गाउँपालिकाद्धारा गरिनेछ ।
- गुम्बा, मदरसा, गुरुकुल, मुन्धुमशाला लगायत शिक्षालाई आधुनिक शिक्षा, मातृभाषा पठनपाठन गराउने विद्यालयहरुलाई मापदण्डका आधारमा अनुदान उपलब्ध गाराउने व्यवस्था मिलाउदै लगिने ।
- सम्भब भए सम्म विद्यालय भवनको रङ रोगन एकै रङको लगाउने साथै घेरावारा समेत एकै खालको निर्माण गर्न पहल गर्ने ।
- प्रत्येक विद्यालयमा पुस्तकालयको प्रवन्ध मिलाउने ।
- पालिकामा रहेका सम्पूर्ण विद्यालयहरुमा सेनेटरी डिस्पोज निर्माण गरिनेछ ।
- आधारभुत शिक्षा पूर्णरुपमा निशूल्क र अनिवार्य गर्नको लागि अभिभावक सचेतना कार्यक्रम सहयोग गर्ने ।
- गरीव, अपाङ्ग,सामाजिक रुपले पछिपारिएका समुदाय,र भाषिक र जातीय अल्पसंख्यकहरुका बालबालिकाहरुलाई विद्यालय शिक्षामा पहुँच सुनिश्चित गर्नका लागि छात्रवृत्ति, कार्यक्रमहरु संगचालन गर्ने ।
- क्याम्पसलाई गाउँपालिकाकै उच्च शिक्षा प्रदान गर्ने मुख्य शैक्षिक केन्द्रको रुपका विकास गरिने छ ।

### ***ख. आधारभूत स्वास्थ्य तर्फ***

- कोरोना भाइरस कोविट १९ नियन्त्रण नभइन्जेल नागरिकहरुको वाँच्न पाउने अधिकारलाई संवोधन गरि मिक्लाजुङका आम नागरिकहरुलाई सुरक्षित राख्न र रहन विशेष सावधानिका लागि सामाजिक सचेतिकरण सम्बन्धि सेमिनार, गोष्ठि र तालिमको आयोजना गरि आत्मविश्वास/आत्मनिर्भर बनाउन स्वास्थ्य शाखा साथै स्वास्थ्य संस्थाहरुलाई निर्देशन गरि नियमित अनुगमन गर्ने ।

मिक्लाजुङ गाउँपालिकाको नीति तथा कार्यक्रम आ.व. २०७६/०७७

- वैदेशिक रोजगारीबाट नेपाल फर्केका नागरिकहरुका लागि क्वारेन्टाइन व्यवस्था मिलाउने ।
- प्राथमिक स्वास्थ्य केन्द्रमा १ जना डा.गाउँपालिकाबाट व्यवस्था गर्ने ।
- स्वास्थ्य चौकीहरुको व्यवस्थापन नियमावली तर्जुमा गरि अनुगमन व्यवस्था प्रभावकारी बनाइने छ। प्रत्येक स्वास्थ्य चौकीमा आधारभूत प्रयोगशाला स्थापना गरिनेछ।
- ६० बर्ष माथिका बृद्धबृद्धालाई घरमै गई नियमित स्वास्थ्य जाँच गर्न "घर घरमा स्वास्थ्यकर्मी" कार्यक्रम सञ्चालन गरिनेछ।
- गृहिणीहरुलाई बालबालिका हेरचाह र स्वस्थ आहार सम्बन्धी आधारभूत तालिम दिइनेछ।
- प्रत्येक स्वास्थ्य चौकीमा एम्बुलेन्सको व्यवस्था गर्दै जाने नीति अवलम्बन गरिनेछ।
- गम्भीर रोगको उपचार खर्च अभाव हुन नदिन गाऊँमै वसोबास गर्ने वासिन्दाहरुको लागि अनिवार्य स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गरिनेछ।
- वर्षमा १ पटक हरेक वडामा विशेषज्ञ डाक्टर सहित स्वास्थ्य शिविर सञ्चालन गरिने र स्वास्थ्य चौकीहरुमा नियमित विशेषज्ञ सेवा प्रदान गर्न साप्ताहिक टेलिमेडिसिन कार्यक्रम चलाइनेछ।
- स्थानीय जडिबुटी र आदिवासी ज्ञानलाई प्रबर्द्धन गरी परम्परागत स्वास्थ्य उपचार विधिको प्रवर्द्धन र योग तथा प्राणायामलाई अभियानको रुपमा सञ्चालन गरिनेछ।
- आयूर्वेद सेवालाइ प्रभावकारी रुपमा संचालन गर्न वजेट व्यवस्थ गर्ने।
- आयूर्वेद औषधी पर्याप्त मात्रामा व्यवस्थापन गर्ने।
- निशुल्क औषधी वितरण कार्यलाई नियमित र पारदर्शी बनाइनेछ।
- प्राथमिक स्वास्थ्य केन्द्रमा आवश्यक उपकरणहरु जस्तै ल्याव एनलाइजर, डिजिटल X-Ray, फ्रिज र प्रत्येक वडामा नेगा लाइजर मेशीन व्यवस्था अघि सारी सेवा निरन्तर गर्ने।
- गाउँपालिका क्षेत्रभित्र एक अस्पतालको निर्माण गर्न जग्गा उपलब्ध भइ सकेकाले सरोकार वाला निकाय सँग सहकार्य गरि सुरुवात गरिनेछ।
- स्वास्थ्य संस्थाबाट निस्कने फोहारहरु मानव स्वास्थ्यका लागि ज्यादै हानिकारक हुने हुनाले समयमै उचित व्यवस्थापनको लागि गाउँपालिका भित्र रहेको स्वास्थ्य संस्थाहरुमा एक/एक ओटा इन्सीरेटर उपलब्ध गराउनका लागि सरकारी तथा अन्य संस्थाहरु संग पहल गरिनेछ।
- सुर्तिजन्य पदार्थ विक्रि ,मदिरा उत्पादन साथै विक्रि वितरणलाई प्रभावकारी रुपमा नियमन गरिदै लगिने छ।
- जोखिम न्यूनिकरणका लागि पूर्व तयारी अर्न्तगत आवश्यक औषधि खरिदका लागि स्वास्थ्य केन्द्रहरुमा कोष खडा गर्न पहल गरिनेछ।
- प्रत्येक स्वास्थ्य संस्थामा (Birthing Center) को स्थापना गर्दै लौजाने।
- "स्वस्थ आमा स्वस्थ शिशुको जन्म" भन्ने नारा संगै गर्भवती आमा पोषण भत्ता गर्भअवस्थामा एकपटक रु.१००० /- (एकहजार) र वाल पोषण भत्ता मासिक रु. ५००/- का दरले जन्मे देखि एक वर्षसम्मलाइ निरन्तर गरिनेछ।
- वहु क्षेत्रिय पोषण कार्यक्रमलाई वजेटको व्यवस्था गरि समयानुसार सुदृढ गरी निरन्तरता दिइनेछ। साथै, साझेदार निकायहरुसँग सहकार्य गरी यसमा दिगोपनाका लागि आवश्यक पहल गरिनेछ।

**ग. खानेपानी सरसफाइ , सिँचाइ तर्फ**

- यसअघि निर्माण भएका खानेपानी परियोजनाहरुको लेखाजोखा अध्ययन गरि पूराना धारा र ट्यांकीहरुको मर्मतका लागि हरेक वडामा वजेट विनियोजन गरिनेछ। खानेपानी नपुगेका वस्तीहरुमा नयाँ आयोजनाहरुको सर्भे गरिनेछ।
- वोरिङ र सौर्य लिफ्टीङ प्रविधिवाट खानेपानीको व्यवस्था गर्न वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र संग सहकार्य गरि कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ।

मिक्लाजुङ गाउँपालिकाको नीति तथा कार्यक्रम आ.व. २०७६/०७७

- खानेपानी उपभोक्ता दर्ता प्रकृयालाई नियमित गराउने ।
- खानेपानी पाइपको माग भई आएको ठाउँमा तथा अन्य संवेदनशील ठाउँको निरीक्षण गरी वडा समिति र खानेपानी तथा सरसफाई समितिको सिफारिसमा प्रभावित क्षेत्रमा तुरुन्त पाइप वितरण तथा साना ट्याकीहरुको निर्माण गरि अल्पकालिन खानेपानीको समस्या समाधान गर्न बजेट विनियोजन गरिनेछ ।
- खानेपानी मुहानहरुमा आवश्यकता अनुसार फिल्टरको निर्माण गर्न वजेटको व्यवस्था गर्दै लगिनेछ ।
- गाउँपालिका क्षेत्रमाखानेपानी मुहान संरक्षण तथा सरसफाईका लागि आवश्यक जनशक्तिको व्यवस्था साथै वृक्षारोपण गरिनेछ ।
- गाँउपालिकालाई पूर्ण सरसफाइयुक्त घोषण गर्न आवश्यक वजेटको व्यवस्था गरिनेछ ।
- खानेपानी सुरक्षा योजना कार्यक्रम सञ्चालन गरिनेछ ।

**घ. युवा, खेलकुद तथा मनोरञ्जन तर्फ**

- स्वच्छ वातावरण सहितको युवा चौतारी स्थापना गर्न वजेटको व्यवस्थापन गर्ने ।
- युवा सकरात्मक सोच र सुनौलो भविष्यको भावना जागृत गराउन क्यारियर काउन्सिलीङ कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- युवा स्वरोजगारको अवधारणा अनुसार परियोजना तय गरि विदेश पलायनलाई निरुत्साहित गराउने ।
- कुलतबाट जोगाउन सचेतनामूलक क्रियाकलापहरु गर्दै रोजगारी सृजना गरि रोजगार दिलाउने ।
- विकास निर्माण तथा योजना निर्माणमा क्षमता अनुसारको काम दिएर निर्मित संरचनामा अपनत्व सृजना गर्ने गराउने ।
- शिप, क्षमता वृद्धि गराउन युवा लक्षित तालिमको आयोजना गरि स्व आयआर्जनमा व्यस्त वनाइ नयाँ आयाम गराउने ।
- प्रत्येक वडामा कवडहलको अवधारणा सृजना गर्ने र पालिका स्तरको रंगशाला स्थापना गर्न पहल गर्ने ।
- विद्यालय स्थरीय खेलकुद विकास तथा अतिरिक्त कृयाकलाप गर्नका लागि विद्यायल स्तरीय खेलकुदमा वजेट विनियोजन गरिनेछ ।
- "स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद"भन्ने मुख्य नारा अनुसार मिक्लाजुङ गाँउपालिकामा खेलकुद संचालन गर्न वजेटको व्यवस्था गर्ने र पालकिभित्र रहेका खेल मैदानको स्तरीकरण गरिनेछ ।

***ङ पर्यटनतर्फ***

- 'मिक्लाजुङ गाउँपालिकाको शान, सवै पर्यटन स्थालको पहिचान' भन्ने नाराका साथ दिगो आर्थिक विकासको संवाहकको रुपमा पर्यटन क्षेत्रलाई प्राथमिकताका साथ विकास गरिनेछ । पर्यटन क्षेत्रमा आउदो ४ वर्ष भित्रमा १००-२०० जनासम्मलाई रोजगारी सृजना गर्ने लक्ष्यका साथ पर्यटन पूर्वाधारको विकास तथा विस्तारका लागि वजेट विनियोजन गर्नका लागि वडा स्तरबाटै योजना प्राथमिकिकरण गरिनेछ ।
- पर्यटकीय गन्तव्य स्थलको रुपमा पहिचान गरिएका ठाउँहरुमा पूर्वाधार निर्माण गरी व्यवसायमा लगानी गर्न सहकारी र निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । यसका लागि पर्यटन व्यवसायी र युवाहरुलाई पर्यटन उद्योगमा आकर्षित गर्न आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- मुख्य पर्यटन स्थल पहिचान गर्ने साथै धातुको मूर्ति स्थापना गरेर पर्यटकहरुलाई आकर्षण गरि आर्थिक उपार्जन तर्फ उन्मुख हुने ।
- मुख्य पर्यटन स्थल सम्म पुग्ने सडक मर्मत तथा पदमार्ग निर्माण गरि व्यवस्थित गरिने छ । पर्यटन स्थलहरुमा खानेपानीको व्यवस्थापन तथा पाइप अनुदान कार्यक्रम गरिने छ ।
- मिक्लाजुङ गाउँपालिकाको केन्द्र रविको जरिवुट्टे ,वेहुली ढुंगा देवस्थलमा यो आर्थिक वर्ष भित्रमा पार्क तथा पुर्ण बुद्धको मूर्ति स्थापना गरिनेछ ।
- आगामी ४ वर्षभित्रमा यस मिक्लाजुङ गाउँपालिकाका मुख्य पुरातात्वीक धार्मिक स्थल,पर्यटन क्षेत्रहरु मिक्लाजुङ तिर्थस्थल, जरिवुटे वेहुली ढुंगा , मोजुला भोजुला ताल, छत्रे ताल, यावाराङ झरना , हंसारी झरना, चमेरे गुफा, सेरेखेम्बा झरना, पँधेरे झरना,शिवनाम्लाङ (छालासुकुवा), फुङसिङ डाँडा मन्दिर, स्वर्गपुरी मन्दिर, किरातेश्वर मन्दिर, शिवालय मन्दिर , विष्णुलय मन्दिर , गुम्बा, चर्च, स्वर्गिक माङहिम

मिक्लाजुङ गाउँपालिकाको नीति तथा कार्यक्रम आ.व. २०७६/०७७

,स्वर्गिक माङखिम तीनथुम्की बेदशाला, उत्तरे कमलपोखरी, ज्योतीनन्द गुफास्थल(शिवसिद्ध ज्योति मन्दिर), ओधाने देवस्थल, महागुरु फाल्गुनन्द शालिक स्थल, नाँगीडाँडा, थोपेचोम्बा तीनथुम्की, इन्द्रेणी झरना, सिस्ने गुफा, तारेढुङ्गा पर्यटक क्षेत्र, सप्तकन्या ताल, सप्तमी हिवारी हिलेडाँडा, जोरपोखरी, धुँवा राजा रानी, रविकर्ण सालिक, थोप्लेजुङ पर्यटन क्षेत्र, झाँक्री झरना, आरुवोटेको सुकेपोखरी, सिद्धदेवी शक्तिपीठ, रमिते डाँडा महादेव गुफा, जोसमुनी मन्दिरआदिलाई व्यवस्थित गर्न सरोकारवालाहरु संग छलफल गरि अघि बढाइनेछ ।

- मिक्लाजुङ गाउँपालिकाको सम्वृद्धिको आधारको रुपमा रहेको पर्यटन क्षेत्रलाई विकासको आधारशिला बनाउन आवश्यक रणनीतिहरु तयार गर्न पर्यटनसंग सम्बन्धीत विज्ञहरुको सल्लाह र सुझाव लिई पर्यटकीय क्षेत्रहरु विविधीकरण गर्न आवश्यक पर्यटकीय गुरु योजना तयार गरिनेछ ।
- गाउँपालिकामा रहेका ठूला होटलहरुको सूची बनाई त्यस्ता होटलहरुमा आउने पर्यटकहरुले गरेको खर्चमा २ प्रतिशत पर्यटन विकास शुल्क लगाई त्यसबाट उठेको रकममा शत् प्रतिशत थप गरी पर्यटन क्षेत्रमा लगानी गरिनेछ ।
- मिक्लाजुङलाई लघु पर्यटनको रुपमा विकास गर्नका लागि दमक-रवि, लेटाङ-रवि, धरान-भेडेटार-राजारानी- छ नम्बर वुधवारे हुँदै रवि, रवि-राँकेमा नियमित पर्यटकिय वस सञ्चालन गर्नको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकामा होम स्टे लाई प्रवर्द्धन तथा व्यवस्थित गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ साथै तालिमको व्यवस्था समेत गरिनेछ ।
- बाह्य तथा आन्तरिक पर्यटक भित्र्याउनको लागि जानकारी तथा प्रचार प्रसार स्वरुप राष्ट्रिय स्तरको संचार माध्यमहरुको सहकार्यमा गाउँपालिकाको पर्यटकीय, धार्मिक, सामाजिक, सास्कृतिक तथा मौलिक परम्परा झल्कने श्रब्य-दृष्य पार्श्वचित्र बनाई सो को प्रचार प्रसारमा थप बजेटको व्यवस्था गरिनेछ ।
- मिक्लाजुङ गाउँपालिकाको दृष्यावलोकन गर्नेगरि उपयुक्त स्थानमा भ्यू टावरको लागि आवश्यक अध्ययन गरि निर्माण गरिनेछ ।
- पर्यटकीय गन्तव्य स्थलको रुपमा पहिचान गरिएका ठाउँहरुमा पूर्वाधार निर्माण गरी व्यवसायमा लगानी गर्न सहकारी र निजी क्षेत्रलाई प्रोत्साहन गरिने छ । यसका लागि पर्यटन व्यवसायी र युवाहरुलाई पर्यटन उद्योगमा आकर्षित गर्न आवश्यक तालिमको व्यवस्था गर्ने छ ।

**३. लैगिक समानता तथा सामाजिक समावेशीकरण तर्फ**

**क) महिला**

- कोरोना भाइरस कोविट १९ को संक्रमणले दिर्घ रोगी र शाररिक असक्षमता भएका व्यक्तिलाई अलि छिटो र सजिलो आक्रमण गर्ने देखिएकाले महिलाहरुलाई सचेत गराउन कार्यक्रमहरुको आयोजना गरि कार्यान्वयन गर्ने ।
- समाजमा विद्यमान कुरीतिको रुपमा रहेको अन्धविश्वास र सामाजिक सद्भावमा विचलन ल्याउने सवै प्रकारका व्यवहारहरुलाई निरुत्साहित गर्न गराउन सामाजिक सचेतनामूलाक कार्यक्रमहरु गर्ने । सामाजिक छुवाछुत र लौगिक भेदभावलाई पूर्ण रुपमा निर्मूल गर्न जनचेतना अभिवृद्धि साथै कानूनी व्यवस्था वारे सेमीनारको आयोजना गर्ने ।
- महिलाहरुलाई आत्मनिर्भर स्वआय आर्जन गराउन विभिन्न सीपमूलक र सृजनशिल कार्यमा अगाडि वढाउने ।
- लक्षित वर्गको लागि विनियोजित बजेट सोही क्षेत्रमा खर्च गर्ने व्यवस्था गरिने ।
- लैङ्गिक समानता र समताका लागि जनचेतना अभिवृद्धि गर्ने खाल्का कार्यक्रमहरु संचालन गरि कार्यान्वयन गरिने ।
- "स्वास्थ आमा स्वास्थ शिशु" भन्ने मुख्य नारा तयार गरि सार्थक बनाउन गर्भवती महिलालाई पोषण भत्ता वितरण योजना सम्बन्धी वजेट विनियोजन गरि गर्भावस्थामा एक पटक वितरण गर्दै आएको कार्यक्रम निरन्तर गर्दै लाने ।
- तोकिएको समय अर्थात ४ पटक गर्भ जाँच गरे वापत यातायात खर्च वितरण कार्यक्रम निरन्तर गरिनेछ ।

मिक्लाजुङ गाउँपालिकाको नीति तथा कार्यक्रम आ.व. २०७८/०७९

- गर्भ जाँच साथै स्वास्थ्य संस्थामा सुत्केरी गर्न गराउन स्वास्थ्य शाखा/स्वास्थ्य संस्था संग समन्वय गरि उत्प्रेरीत गराउने ।

**ख. वालवालिका**

- वालवालिकाहरुलाई कोरोना सम्बन्धि जानकारी गराइ यसका संक्रमणबाट बच्ने उपाय वारे जानकारी मूलक कार्यक्रमहरु संचालन गर्ने ।
- लक्षित वर्गको लागि विनियोजित बजेट सोही क्षेत्रमा खर्च गर्ने व्यवस्था गरिनेछ ।
- वाल क्लव तथा वाल सञ्जालहरु गठन गरि आवश्यक व्यवस्थापन गरिनेछ ।
- बाल अधिकार सम्बन्धी कानूनी साक्षरता तालिमको व्यवस्था गरिने छ ।
- आवश्यकता अनुसार विद्यालय टाढा भएको ठाउँमा वालविकास केन्द्रको स्थापना गरिनेछ ।
- वालविकास केन्द्रहरुमा रेडिमेड खाना न्यूनीकरण गर्न गराउन चुलोको सामग्री वितरण कार्यक्रमको लागि वजेट कक्षा कोठा साथै अन्य सामग्रीको ब्यवस्था गरि कार्यान्वयन गर्ने ।
- मिक्लाजुङ गाउँपालिकामा बाल लागि विभिन्न संस्थाहरु संग सहकार्य गरिनेछ ।
- वालीमैत्री सुशासन स्थापना गर्न जनचेतनामूलक कृयाकलापहरु गर्ने ।

**ग. अपाङ्ग**

- लक्षित वर्गको लागि विनियोजित बजेट सोही क्षेत्रमा खर्च गर्ने व्यवस्था गरिनेछ ।
- आपाङ्गता परिवारलाई हेरचाह गृह निर्माण गर्न जग्गाको व्यवस्था गरि आवश्यक पहल गर्ने ।
- जन्म सिद्ध अपाङ्ग हुनबाट रोक्न सरोकारवाला संस्थाहरु संग समन्वय गरि विभिन्न कार्यक्रमहरु गरि सहयोग गर्ने ।
- राज्यले अगिंकार गरेका समावेशीताका सिद्धान्तहरुलाई स्थानीय सरकारमा पनि लागु गरिनेछ ।
- अपाङ्ग परिचय पत्र वितरण व्यवस्था मिलाइ कार्यान्वय गर्ने ।
- अपाङ्ग समन्वय समिति गठन गरि उचित व्यवस्था गर्ने ।
- सवल अपाङ्गहरुका लागि सामाजिक विकास तथा स्वआय आर्जनका लागि तालिमको व्यवस्था गर्ने ।
- परिचय पत्र वितरणलाई सहज बनाउन वडा स्तरमा घुम्ति शिविर सञ्चालन गर्ने ।
- क्षमता अभिबृद्धिका लागि कानुनी साक्षरता तालिमको लागि वजेट विनियाजन गर्ने ।

**घ. ज्येष्ट नागरिक**

- लक्षित वर्गको लागि विनियोजित बजेट सोही क्षेत्रमा खर्च गर्ने व्यवस्था गरिनेछ ।
- ज्येष्ट नागरिकहरुका लागि विश्राम चौतारी स्थापना गर्ने ।
- ज्येष्ट नागरिक सम्मान कार्यक्रमको व्यवस्था मिलाउने ।
- ज्येष्ट नागरिक परिचय पत्र वितरण सम्त्रन्धि व्यवस्था मिलाउने ।
- सम्मान जनक जिउन पाउने र संरक्षकले उचित हेरचाहर गर्न गराउन ज्येष्ट नागरिक र नव पुस्ता विच छलफल कार्यक्रम निरन्तर अघि वढाउने ।

**ङ. सामाजिक सेवा तथा समावेशी प्रवर्द्धन**

- सवै जातजातिहरुको सँस्कार सँस्कृतिको संरक्षणका लागि वहुजातीय संग्रहालय स्थापना गर्न सम्बन्धीत प्रदेश र संघ संग पहल गर्ने ।
- दलित र अल्पसंख्यक समुदायका व्यक्तिहरुको लागि सामुदायिक संगठनहरुको प्रवर्द्धन र नेतृत्व विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- लक्षित वर्गको लागि विनियोजित बजेट सोही क्षेत्रमा खर्च गर्ने व्यवस्था गरिनेछ ।
- राज्यले अगिंकार गरेका समावेशीताका सिद्धान्तहरुलाई स्थानीय सरकारमा पनि लागु गरिनेछ ।
- कसैलाई बञ्चितिकरण वा बहिष्करणको आभास आउन नदिने व्यवस्था मिलाउने ।

मिक्लाजुङ गाउँपालिकाको नीति तथा कार्यक्रम आ.व. २०७८/०७९

- लिङ्ग, भाषा, धर्म, जात, क्षेत्र वा कुनै पनि विषयको आधारमा छुवाछुत तथा सामाजिक भेदभाव वा असमानताको अन्त्य गर्न साँस्कृतिक सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

## ४. पूर्वाधार विकासमा

### क *सडक, पुल तथा झोलुङ्गे पुल*

- गाउँपालिका क्षेत्रको यातायात गूरुयोजना तयार पारी गूरुयोजना अनुसार परेका सडकहरुलाई बजेट विनियोजनाको लागि विशेष प्राथमिकता दिइनेछ । त्यसका मर्मत गर्नुपर्ने सडकहरु लाई मर्मत संभार गर्नुको लागि उच्च प्राथमिकता दिईनेछ ।
- मिक्लाजुङ गाउँपालिकाको मेरुदण्डको रुपमा रहेको कृषि सडक स्तरोन्नतिलाई पुन निरन्तरता दिइदै लागिनेछ ।
- पालिकाभित्र पर्ने विभिन्न खोलाखोल्साहरुमा आगामी वर्षमा १५ वटा कल्भर्ट निर्माण गरिने छ ।
- गाउँपालिका क्षेत्रको सम्भावित र उपयुक्त पर्यटकीय क्षेत्रहरुको पहिचान सहित पर्यटन पुर्वधार विकासमा विशेष जोड दिइनेछ ।
- सडक निर्माण सम्बन्धमा गाउँपालिका क्षेत्र भित्र निर्माण गरिने सडकको चौडाई सडकको स्तर अनुसारको मापदण्ड बमोजिम गराईने छ ।
- आगामी वर्ष सढक तथा यातायात पूर्वाधार जिर्माण मा मेसिनको प्रयोगलाई सकेसम्म घटाई श्रमीकको प्रयोगलाई व्यापक वनाइने छ ।
- गाउँपालिका क्षेत्रको कुनै पनि भौतिक निर्माण तर्फ कार्य संचालन गर्नु पुर्व ५० लाख भन्दा माथिको ठुला योजनाहरुको हकमा पुर्व सम्भाव्यता अध्ययनलाई अनिवार्य गरिनुको साथै विस्तृत परियोजना प्रतिवेदन( डिपिआर) तयारी पछि मात्र कार्यन्वयनमा लगिनेछ ।
- भौतिक निर्माण तर्फ वढि लागत सहभागीता जुट्ने योजनाहरुलाई प्राथमिकता दिइनेछ ।
- २० लाख भन्दा माथिको कुनै पनि योजनाहरुको ठेक्का प्रणालीमा ई-विडिंग अनिवार्य गरिनेछ भने १० लाख भन्दा मुनिका योजनाहरुमा आवश्यकता अनुसार गरिनेछ ।
- मिक्लाजुङ गाउँपालिकामा सडकको विकासका लागि अन्य साझेदार निकायहरुबाट बजेट माग गर्ने कार्यका लागि मुख्य सडक तथा अन्य भौतिक पुर्वाधारहरुको डिपिआर कार्यलाई अगाडि बढाइनेछ ।
- आवश्यकता हेरी प्राथमिकताको आधारमा आवश्यक स्थानहरुमा झोलुङ्गे पुल र सडक पुलको निर्माण गर्न सम्बन्धित निकाय संग समन्वय गरिनेछ ।

### ख. विद्युत

- विद्युत लाईन प्रसारण तथा वितरणमा प्रयोग भएका काठका पोलहरुलाई यसै आर्थिक बर्ष भित्र फलामे पोलहरुले विस्थापन गरिनेछ ।
- टुकी/कुपी मुक्त वडा घोषित प्रक्रिया अघि बढाइ आगामि १ वर्ष भित्रमा अध्यारो मुक्त गाउँपालिका घोषणा युक्त पालिका बनाउने ।
- प्रत्येक वडामा विद्युत विस्तार योजना सञ्चालन गर्ने साथै विद्युत नपुगेको वडा तथा टोलमा सोलार वितरण गरि व्यवस्तिथ बनाउदै लाने ।
- लघु विद्युत आयोजनाहरुलाई सहयोग तथा नियमन गर्न वैकल्पिक उर्जा संग समन्वय गरि विस्तार योजनालाई प्रभावकारी वनाउने ।

### ग. *भवन तथा शहरी विकासतर्फ*

- गाउँपालिकाको भू-उपयोग नीति तयार गरिनेछ ।
- गाउँपालिकाको कुनै ठाउँलाई पहिचान गरी एउटै डिजाइनका घर र रंङको प्रयोग गरी सो को प्रतिक्रियाको आधारमा एकीकृत वस्ति निर्माण योजना ल्याउन प्रदेश तथा संघमा पहल गर्ने ।

मिक्लाजुङ गाउँ पालिकाको नीति तथा कार्यक्रम आ.व. २०७६/०७७

- घर निर्माण गर्दा नक्सा पासको व्यवस्था अनिवार्य गरिनेछ ।
- कार्यलय प्रयोजन तथा भवन निमाणार्थ जग्गा खोजी गर्न कार्यपालिकाको निर्णय हुनु पर्ने ।
- ज्येष्ट नागरिक विश्रामलय तथा वाल मिलन गृह निर्माण गर्न प्रदेश , संघीय सरकार संग सहकार्य गरि कार्यन्वयन गरिने छ ।

**घ. वन, वातावरण ,भू संरक्षण, *फोहर व्यवस्थापन***

- नेपाल कोरोना प्रभावित रहेकै कारण विपद व्यवस्थापनमा समस्था साथै चुनौति समेत आइ परेकोलले विपद सम्बन्धि वृहत कार्यक्रम गर्ने ।
- मिक्लाजुङ गाउँपालिकामा रहेका सामुदायिक तथा कवुलियती वन, सरकारी वनहरुको संरक्षण र सम्वर्द्धनका लागि विभिन्न सक्रिय समिति गठन गरी समितिलाई प्रभावकारी बनाउने । पानीको मुहान सुकाउने रुखहरु पत्ता लगाई त्यस्ता रुखहरुको क्लष्टर छुट्याई अन्य प्रजातीका रुखरुको वृक्षारोपण गरी पानीका मुहान बढाउने कार्यक्रम संचालन गर्ने र अनावश्यक रुखहरुको विस्थापन र वृक्षारोपण कार्य संगसंगै अगाडी बढाइनेछ ।
- सुधारिएको चुलो तथा विद्युतीय चुल्होको प्रयोगलार्य प्रोत्साहित गर्न वैकल्पिक उर्जा संग सहकार्य गरि निरन्तरता गईने छ ।
- सडक किनारामा भूक्षयलाई रोक्दै आर्थिक लाभ समेत लिन छिटो हुर्किने बिरुवाहरु रोपी त्यसको संरक्षण र उपयोग गर्न सम्बन्धित क्षेत्रका स्थानीय समूदायलाई परिचालन गरिने छ ।
- जागा बाँझो राख्ने कार्यलाई निरुत्साहित गर्न खाली जग्गा का सर्वेक्षण र माटो परीक्षण गरी जमिनको प्रकृति अनुसारको भूउपयोग नीति आलम्वन गरिने छ ।
- फोहोरमैला व्यवस्थापन उपयुक्त ल्याण्ड फिल्ड साइटको लागि दीर्घकालिन फोहोर व्यवस्थापनको नीति अवलम्वन गरिनेछ ।
- ढल निकास सम्बन्धमा वडाबाट माग भई आएका योजनालाई सम्बन्धित क्षेत्रगत निकाय संग समन्वय गरी योजनाको निर्माण तथा मर्मत संभार गरिनेछ ।

***५. विपद् व्यवस्थापनतर्फ***

- वनविनास, भूक्षय, वाढीपहिरो मात्र विपद नभएर कोरोना भाइरस कोविट १९ जस्ता महामारी पनि विपद भएकाले विपद सम्बन्धि खोजउद्धार तथा ओसारपोसार, राहत वितरण, द्रुत सूचनाप्रणाली र पुनस्थापनाका लागि विविध कार्यक्रम गर्ने ।
- संकटासन्मुख समुदाय/वडा पहिचान गरि विपद पात्रो वनाइ जस अनुसार पूर्वतयारी रहने ।
- बाढी पहिरो जोखिम क्षेत्रहरुको पहिचान गरि विपद्को पूर्व सूचना दिने पूर्व सूचना प्रणाली राखिनेछ ।
- विपद पूर्वतायारी सामग्रीको व्यवस्था गरि प्रति कार्य जनशक्ति उत्पादनको लागी वजेट व्यवस्थ ागर्ने ।
- आवश्यकता अनुसारको विपदबाट बच्ने उपाय बारे तालिमको व्यवस्था गराउने ।
- टोल टोलमा उद्धार सामग्री अनुदान कार्यक्रम बनाउने ।
- विपद्का जोखिम न्यूनिकरणका लागि पूर्व तयारी अर्न्तगतका कार्यहरु गरीनेछ ।
- विपद्को समयमा सहयोग गर्नको लागि विपद् व्यवस्थापन कोष खडा गरिनेछ ।
- खोज, उद्धार तथा राहत सामाग्रीको व्यवस्था गरिनेछ ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा**

***अ. सामान्य सेवा तथा सुरक्षा व्यवस्थापन तर्फ***

- प्राकृतिक श्रोत साधानमा गाँउ क्षेत्र भित्रका सवै वडावासीहरुको समान उपभोग गर्न पाउने व्यवस्थालाई सुनिश्चित गरिनेछ ।
- उपभोक्ता हितका लागि संस्थागत रुपमा सहजिकरण गरि सहज बनाउने ।
- विभिन्न सडकहरु निर्माण तथा विस्तारको क्रममा सर्वसाधरण जनताको नीजि जग्गा सार्वनजिक निर्माणमा परेको तथा सार्वजनिक संरचनाहरु नीजि जग्गामा परी समस्या आएकोले सो को समाधानको लागि आवश्यक कार्य गरी समाधान गरिनेछ ।

मिक्लाजुङ गाउँपालिकाको नीति तथा कार्यक्रम आ.व. २०७८/०७९

- जिल्लास्तरीय तथा स्थानीय उद्योग वाणिज्य संघ र गाउँपालिकाको समन्वयमा गाउँपालिका क्षेत्रको विभिन्न स्थानहरुमा कर शिविर संचालन गर्ने
- गाँउकार्यपालिकाको कार्यालय र गाँउपालिका भित्रका सवै वडा कार्यालयहरुमा अनिवार्य रुपमा नागरिक बडापत्र राखिनेछ ।

***आ. सुशासन प्रवर्द्धन तथा संस्थागत विकास तर्फ***

- गाउँपालिकाको नीति तथा कार्यक्रम कार्यान्वयनमा स्थानीय गैरसरकारी संस्था तथा अर्न्राष्ट्रिय गैरसरकारी संस्थाहरुलाई आमन्त्रण गरी साझेदारीको लागि अपिल गरिनेछ ।
- ***NGO/INGO*** बाट संगालन गर्ने कार्यक्रमलाई गाउँसभामा अनिवार्य रुपमा पेश गरी गाउँपालिका को वार्षिक वजेतको रुपमा मुलप्रवाहीकरण गरिनेछ ।
- विकासका वार्षिक योजना निर्माण र कार्यान्वयनमा समुदाय परिचालनका लागि साविकका वडालाई समेटेर टोल सुधार समिति गठन गरि सक्रिय वनाइनेछ ।
- पालिका भित्र रिक्त रहेका प्रवविधिक कर्मचारीको पदपूर्तिका लागि करार प्रणलीको अवलम्वन गरिनेछ सो कायैलाई व्यवस्थित गर्न एक कार्यविधि निर्माण गरिने छ ।
- आगामी आ. व को विकास बजेट बाडफाँड गर्दा आन्तरिक श्रोत आर्जन तथा खर्च गर्ने सामर्थ्यलाई आधार मानिनेछ ।
- सवै वडाको घरधुरी दर्ता गरि घरधुरी पहिचानको लागि निश्चित कोड प्रदान गरिनेछ ।
- एकिकृत तथ्यांक व्यवस्थापन प्रणली सुरुवात गरि पारिवारिक विवरण (Family Folder) स्थापना गरि सफ्टवेर मार्फत वडाहरु बाटै तथ्यांक अद्यावधिक हुने व्यवस्था शुरु गरिने छ ।
- उपभोक्ता समितिहरुलाई प्रभावकारी परिचालन गर्न उपभोक्ता समिति परिचालन कार्यविधि तय गरी जस अनुरुप गरिने छ ।
- यस मिक्लाजुङगाउँपालिकाको विभिन्न क्षेत्रहरुमा रहेको खाली ऐलानी र पर्ती जग्गाको खोजी गरी गाउँपालिकाको मातहतमा राखिनेछ।
- मिक्लाजुङ गाउँपालिका अन्तर्गत संचालन हुने योजनाको उपभोक्ता समिति गठन गर्दा समितिमा संख्यात्मक भन्दा समानुपातिक र समावेशीको सिद्धान्तको आधारमा चयन गर्ने व्यवस्था मिलाईनेछ । यद्दपी एकै व्यक्ती धेरै उपभोक्ता समिति नबस्ने वातावरण तयार गरिनेछ ।
- यस गाउँपालिकामा कार्यरत कर्मचारीहरुको समयानुकुल क्षमता विकास विस्तार गर्न तालिमको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको कामलाई मर्यादित र व्यवस्थित बनाउन गाउँपालिका अन्तर्गतका कर्मचारीहरुको मनोवललाई उच्च राख्न स्थानीय श्रोत साधन तथा कर संकलनको अवस्थालाई दृष्टिगत गरि कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली,दण्ड पुरस्कारको व्यवस्था जस्ता पक्षहरुलाई आत्मसाथ गरिनेछ ।
- यस गाउँपालिका अन्तर्गत रहेका निर्माण मजदुरहरुलाई आवश्यक तालिमको व्यवस्था गर्ने र प्राप्त तालिमको परिचय पत्रको व्यवस्था गरिनेछ ।
- मिक्लाजुङमा संचालित गैर सरकारी संस्थाहरुले अनिवार्य रुपमा गाँउपालिकामा सूचिकृत हुनुपर्नेछ । गाउँपालिकामा कार्यक्रम तथा बजेट पेश गरी चौमासिक खर्च सार्वजनिक गर्ने व्यवस्थाको सुरुवात गरिनेछ
- योजनाहरुको गुणस्तरको अनुगमन गर्न जन प्रतिनिधिहरुको अनुगमन समिति गठन गर्ने र योजनाहरुको अन्तिम निकासा जाँच पास फरफारक गर्दा अनुगमन समितिको सिफारिस अनिवार्य गरिनेछ ।
- जेष्ठ नागरिक सम्मान पूर्वक जीवनयापन गर्ने वातावरण निर्माण गर्नका लागि जेष्ठ नागरिक संरक्षण अभिमुखिकरण कार्यक्रम गरिनेछ ।
- सुरक्षा, सामाजिक न्याय, सद्भाव , संस्कृति र एकता जस्ता कृयाकलाप गरिने छ ।
- नागरिक सहयोग केन्द्र स्थापना गर्ने ।
- सूचनाका पहूँच नपुगेका नागरिकहरुका हकमा पालिकाको वेवसाइट, सामाजिक सञ्जाल र कुन रेडियो एफएम को माद्यम बाट सूचना पुग्छ सो को लागि व्यवस्थापन गरिने छ ।

मिक्लाजुङ गाउँपालिकाको नीति तथा कार्यक्रम आ.व. २०७६/०७७

इ. ***राजस्व संकलन र परिचालन तर्फ***

- गाउँ पलिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा गरिने छ ।
- गाउँपालिकामा करको दर निर्धाण गर्दा प्रगतिशिल कर प्रणली लागु गरिने छ ।
- मुख्य राजस्वका श्रोतहरु सम्पत्ति कर, घरनक्सा पास तथा अभिलेख दस्तुर , व्यवसाय कर, वहाल विटौरी शूल्क , सम्पत्ति मूल्यांकन शूल्क, सिफारिक तथा प्रमाण्ति दस्तुरको तथा असुली प्रक्रिया निर्धाण गरि सफ्टवेर प्रणलीबाट अभिलेखीकरण गर्ने व्यवस्था मिलाइने छ
- आम जनतालाई कर तथा राजश्वको महत्वका बारेमा जनचेतना विस्तार परियोजना अन्तर्गत नियमित गराइने छ ।

ई. ***कानून तथा न्याय सम्पादन***

- पालिकामा दर्ता हुन आएका सवै विवादहरुलाई छिटो र छरितो छिनोफा
- नो हुने व्यवस्था मिलाइनेछ । यसका लागि सामुदायिक मेलमिलाप केन्द्रलाई अधिकतम परिचालन गरिनेछ ।
- यस नीति तथा कार्यक्रमलाई कार्यान्वयनका लागि आवश्यकता अनुसार ऐन, नियम, निर्देशिका र कार्यविधिहरु तत्काल तर्जुमा गरि लागू गरिने छ

उ. ***सूचना प्रविधितर्फ***

- ई-गर्भनेन्सको अवधारणलाई संस्थागत रुपमा अगाडी बढाउनको लागि हरेक सरकारी संस्थाहरुमा ईन्टरनेट सेवाको विस्तार गरिनेछ । सो को लागि लाग्ने लगानीमा सहयोग सहकार्य तथा व्यवस्थापनमा गाउँपालिकाले प्रत्यक्ष सहभागी हुनेछ ।
- गाँउपालिका भित्र रहेका सवै विद्यालय र अन्य कार्यालयहरुमा विद्युतिय हाजिरीको व्यवस्था गरिनेछ ।
- गाँउपालिका भित्रका मुख्य मुख्य वजार, सार्वजनिक स्थल र कार्यालयहरुमा सि.सि. क्यामेरा राखिनेछ ।
- गाँउपालिका भित्रका मुख्य मुख्य कार्यालयहरुमा विद्युतीय सुचना पाटी राख्ने व्यवस्था मिलाइने छ ।
- दर्ता, चलानी, योजना, जिन्सी लागयतका विद्युतिय सुशासन गर्ने सफ्टवेयरहरु व्यवस्था मिलाइने छ ।

**"धन्यवाद"**

मिक्लाजुङ गाउँ पालिकाको नीति तथा कार्यक्रम आ.व. २०७६/०७७